श्री जुम्ला जिल्ला अदालत

माननीय जिल्ला न्यायाधीश श्री श्यामलाल घिमिरे

मालपोत कार्यालय जुम्लाको निरिक्षण प्रतिवेदन २०७६

न्याय प्रशासन ऐन, २०७३ को दफा २१ तथा जिल्ला अदालत नियमावली २०७५ को नियम ९४ बमोजिम मालपोत कार्यालय, जुम्लाको मुद्दा मामिला सम्बन्धी कामकारवाही आज मिति २०७६।०१।०६ गते कार्यालय प्रमुख श्री रामलाल प्याकुरेल तथा मालपोत कार्यालयमा कार्यरत कर्मचारीहरुको उपस्थितिमा निरिक्षण सम्पन्न गरियो । निरिक्षणको क्रममा मुद्दा मामिला सम्बन्धी देखिएको तथ्यगत विषय वस्तु र कार्यविधिमा आवश्यक सुधारका लागी देहाय बमोजिम निर्देशन दिइएको छ ।

मालपोत कार्यालय, जुम्लाको यस आ.व. मा निरिक्षण गर्दा निरिक्षण मिति सम्म देहाय बमोजिमका मुद्दाहरु रहेको पाइयो ।

| क्र.स. | मुद्दाको विवरण | लगत | फछ्यौंट | बाँकी | कैफियत |
|---|---|---|---|---|---|
| १. | नापि उजुरी र छुट दर्ता सम्बन्धि मुद्दा | २४२ | - | २४२ | |
| २. | सार्वजनिक सन्धि सम्बन्धी मुद्दा | १ | - | १ | |
| ३. | मोही बाँडफाड सम्बन्धि मुद्दा | १ | - | १ | |
| ४. | नामसारी | १२२ | ११० | १२ | |

१. २०६१ सालदेखिका नापि उजुरी सम्बन्धि मुद्दा फछ्यौट लागि विगतका निरिक्षणका क्रममा दिएका निर्देशनहरुलाई समेत लत्याई लामो समय सम्म मुद्दाको फाईल नै नखोलेको अवस्था देखिन आई निरिक्षण निर्देशनका औचित्य नै समाप्त गरेको पाइयो । तसर्थ यस तर्फ विशेष ध्यान दिई मुद्दा मामिला सँग सम्बन्धित सेवाग्राहीका कामकाजलाई समेत प्राथमिकता दिई तदारुकताका साथ फछ्यौट गर्ने कार्य तर्फ विशेष अग्रसरता देखाउनु होला ।

२. छुट दर्ता सम्बन्धमा कार्यालय प्रमुख सँग छलफल हुँदा २०७२ साल देखि छुट जग्गा दर्ताको कारवाहीका लागी सम्बन्धित निकायबाट सूचना प्रकाशन भएको छैन तसर्थ तत्सम्बन्धि कार्य गर्न नसकिएको भन्ने जवाफ पाइयो अब छुट जग्गा दर्ता सम्बन्धि कारवाहीका लागी सूचना प्रकाशित हुनासाथ पुराना छुट जग्गा दर्ताका दरखास्त फछ्यौट तर्फ विशेष ध्यान दिनुहोला ।

३. यस कार्यालयमा मिति २०७५।५।१५ मा दर्ता भएको सार्वजनिक सन्धि सम्बन्धि मुद्दा मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा ३०५ को उपदफा ३ बमोजिम ६ महिना भित्र किनारा गरिसक्नु पर्नेमा ६ महिना नाघि किनारा गर्न बाँकी रहेको देखिंदा उक्त मुंद्दामा जो जे बुझ्नु पर्ने प्रमाण बुझि उक्त मुद्दा किनारा गर्ने तर्फ विशेष ध्यान दिनुहोला ।

४. माथि उल्लेखित मोही बाँडफाड सम्बन्धि मुद्दा मिति २०७६।३।१९ गते २ वर्ष नाघ्ने देखिनुको साथै मुद्दा सम्बन्धि कार्यविधिमा समेत उलेख्य प्रगति भएको नदेखिंदा उक्त मुद्दामा गर्नु पर्ने कार्य सम्पन्न गरि मुद्दा किनारा गर्ने तर्फ विशेष ध्यान दिनुहोला ।

५. दाखा नामसारी तर्फ आशातित प्रगति भएकै देखिंदा आउदा दिनमा पनि छिटो छरितो र सरल बनाउने तर्फ अग्रसरता देखाउनुहोला ।

जिल्ला न्यायाधिश

६. कार्यालयबाट फछ्यौट भई तामेलीमा रहेका मुद्दाहरुको कुनै पनि लगत अध्यावधिक भएको नदेखिंदा विगतमा अन्तिम किनारा भएका मुद्दाहरुको रेकर्ड लगत अध्यावधिक यसै आ.व. देखि गर्ने तर्फ ध्यान दिनुहोला ।

७. चालु मुद्दाको समेत प्रत्येक आ.व. को स्पष्ट लगत अध्यावधिक गरेको नदेखिंदा उक्त लगत समेत यसै आ.व. देखि अध्यावधिक गरी राख्न विशेष ध्यान दिनुहोला ।

८. मुद्दाको कार्यविधिमा ऐन, कानूनले तोके बमोजिम तारेख गुजारेको प्रमाणित नभएको, कारण खुलाई तारेख नतोकिएको, पन्जिका नराखिएको जस्ता विविध पक्षमा त्रुटि देखिएकाले प्रस्तुत त्रुटि सच्चाउन तर्फ विशेष ध्यान दिनुहोला ।

अन्तमा मुद्दा मामिलाको सन्दर्भमा कानूनको उचित प्रक्रिया पुरा गरि सिघ्र न्याय सम्पादन गर्ने कार्यलाई प्राथमिकतामा राखि विधिको शासन सुदृढ बनाउने यात्रामा आगामी दिनमा अझ बढी सफलता हाशिल गर्नु हुनेछ भन्ने अपेक्षा लिइएको छ । साथै निरिक्षणको क्रममा कार्यालय प्रमुख श्री रामलाल प्याकुरेल फाँटवाला ना.सु. श्री नारायणी चौलागाई लगायत अन्य कर्मचारीहरु अत्यन्त जिज्ञासु र सहयोगि भई निरिक्षण कार्यमा सहयोग गर्नु भएकोमा धन्यवाद दिन चाहन्छु ।

श्यामशील घिमिरे
जिल्ला न्यायाधीश

जुम्ला जिल्ला अदालत जुम्ला

<u>निरीक्षण कार्यमा सहयोग गर्ने:</u>
श्रेस्तेदार शा.अ. श्री कपिल पौड्याल
ना.सु. श्री टंकप्रसाद खत्री
ना.सु. श्री धर्म बहादुर स्वाँर
इति सम्वत २०७६ साल बैशाख महिना ६ गते रोज ६ शुभम्.............................................